**भारतीय राजदूतावास**

**काठमाडौँ**

**प्रेस विज्ञप्ति**

**तेह्रथुम जिल्लामा चिस्यान केन्द्र (कोल्ड स्टोर) भवन निर्माणका लागि शिलान्यास समारोह**

नेपालको कोशी प्रदेश अन्तर्गत तेह्रथुम जिल्लाको लालीगुराँस नगरपालिका वडा नं. २ मा चिस्यान केन्द्र (कोल्ड स्टोर) भवन निर्माणका लागि आज काठमाडौँस्थित भारतीय राजदूतावासका प्रथम सचिव श्री ऋषभ देव र लालीगुराँस नगरपालिकाका मेयर श्री अर्जुन माबोहाङले संयुक्त रुपमा शिलान्यास गर्नुभयो ।

२. भारत सरकारको आर्थिक सहयोग करिब नेरु.४.४१ करोड लागतमा उक्त कोल्ड स्टोर भवनको निर्माण हुँदैछ । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना तेह्रथुमको लालीगुराँस नगरपालिकामार्फत कार्यान्वयन हुनेछ र यो नेपालको तेह्रथुम जिल्लामा सञ्चालन हुने दोस्रो उच्च प्रभाव सामुदायिक विकास परियोजना हुनेछ ।

३. तेह्रथुमको लालीगुराँस नगरपालिकाका मेयर तथा अन्य सरोकारवालाहरुले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो र वहाँहरुले नयाँ संरचनाले लालीगुराँस नगरपालिकामा दिगो र दीर्घकालीन कृषि व्यावसायिक नमुना विकास गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

४. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई प्रवर्द्धन गर्ने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

काठमाडौँ

२०८३ आश्विन २८